<u>कञ्चनपुर जिल्लाको महुलियामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा</u>

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ४७ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ साल फाल्गुण ६ गते कंचनपूर जिल्लाको भिमदत्त नगरपालीका वडा न ०२ महुलियामा **"ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम"** सम्पन्न गरेको संस्थाका महेन्द्रनगर शाखा कार्यालयका शाखा प्रमुख श्री विनोद कुमार अधिकारीले जानकारी गराउनुभएको छ। यस तालिममा प्रशिक्षकहरु शाखा प्रमुख श्री विनोद कुमार अधिकारी ,सहायक कर्मचारी श्री टंक बहादुर थारु र लाल बहादुर महरा रहनु भएकोथियो।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको र महेन्द्रनगर शाखा बाटमात्र २५१५ जना सदस्यहरु लाई वित्तीय सेवा प्रदान गरिरहेको र १२२० जना सदस्यहरुले करिव ९ करोड कर्जा लीई आफनो व्यवसाय विस्तार गरि आर्थिक स्थिती सवल पारीरहनू भएको साथै शाखामा माघ मसान्त सम्म सदस्यहरुको बचत करिब ५ करोड रहेको संस्थाका शाखा प्रमूख श्री विनोद कुमार अधिकारीले बताउनु भएको थियो। तालिममा शाखाका सहायक कर्मचारी श्री लाल बहादुर महराले स्वागत मन्तव्य राख्दै तालिमको उद्देश्य बारेमा प्रकाश पार्नु भएको थियो भने सहायक कर्मचारी श्री टंक बहादुर थारुले तालीम संचालन गर्नु भएको थियो।




यस तालिममा वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा व्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानी खर्च, जोखिम व्यवस्थापन, बिमा, विप्रेषण सेवा, व्यवसायिक योजना, व्यवसायिक योजना बनाउँदा ध्यानदिनु पर्ने कुराहरु, बचतको महत्व तथा बैंकको पब्लिक डिपोजिटको बारेमा, पारिवारीक बजेट निर्माण र यस्को महत्व, संस्थाले प्रदान गरी रहेका सेवा सुविधाका बारेमा सहभागीहरुले जानकारी हासिल गरेको महेन्द्रनगर शाखाका शाखा प्रमुख श्री विनोद कुमारले बताउनु भएको छ ।

यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानीगर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ ।यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

२०७५ पौषम सान्त सम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ ।संस्थाले २०७५पौष मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाखरहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । व्यवसाय गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका महेन्द्रनगरका शाखाका शाखा प्रमुख श्री विनोद कुमार अधिकारीले जानकारी गराउनु भएको थियो ।